**मिति २०८२।०२।२७ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को १४ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** आ.व. २०८२/०८३ को लागि गैंडाकोट नगरपालिकाको नीति तथा कार्यक्रमलाई स्वीकृतीका लागि १७ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** आ.व. २०८२/०८३ को लागि गैंडाकोट नगरपालिकाको राजश्व परामर्श समितिबाट सिफारिस भई आएको आर्थिक विधेयकमा समावेश गरिने राजश्व एवं करका दररेटलाई स्वीकृतीका लागि १७ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** आ.व. २०८२/०८३ को लागि गैंडाकोट नगरपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आएको संघ र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक, विशेष र शसर्त अनुदान सहितका एवं आन्तरिक राजश्व समेतको प्रक्षेपण गरिएको शिर्षकहरुमा नगरपालिकालाई प्राप्त हुन सक्ने रकमको प्रारम्भिक श्रोत अनुमान र नगपालिकाको प्रशासनिक,बिषयगत शाखा तथा विकास निर्माण लगायतका क्षेत्रमा खर्च गर्ने व्यय अनुमान समेतलाई स्वीकृतीका लागि १७ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको लागि जग्गा लिखत रजिष्ट्रेशन गर्ने प्रयोजनका लागि आ.व. २०८२/०८३ मा जग्गाको न्युनतम मूल्याङकन वडा नं. १४ र १८ को वडा समितिबाट प्राप्त सुझाव अनुसार १० (दश) प्रतिशत बढाउने,अन्य वडाहरुको हकमा चालू आ.व.२०८१/०८२ को नै यथावत राखिदिन मालपोत कार्यालय, कावासोती, नवलपरासी(ब.सु.पू.) लाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको आफ्नै दीर्घकालिन सोचः **"हामी सबैको साझा अठोट ,शान्त समुन्नत सुन्दर गैंडाकोट"**झल्किने गरी लोगो निर्माणका लागि आब्हान गरिएको सूचना बमोजिम प्राप्त हुन आएका लोगोहरु मध्ये देहाय बमोजिमको लोगो स्वीकृत गर्ने निर्णय गरियो ।

गैंडाकोट नगरपालिका

मदन भक्त अधिकारी
नगर प्रमुख

झविन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| २ | विद्युत तार व्यवस्थापन (क्र.सं.३५४) मध्येबाट | रु.१,००,०००/- | गरिब विपन्न घर परिवारलाई खानेपानी संस्थासंगको सहकार्यमा खानेपानी धारा जडान | रु.२,८५,०००/- |
| | नारायणी टोल स्नानघाटको बाटो निर्माण तथा मर्मत (क्र.सं. ३७७) | रु.५०,०००/- | | |
| | जनजाति कार्यक्रम (क्र.सं.३६४) मध्येबाट | रु.३५,०००/- | | |
| | युवा लक्षित कार्यक्रम (क्र.सं.३६३) | रु.१,००,०००/- | | |
| १३ | लक्षित वर्ग कार्यक्रम (क्र.सं.५७३) | रु.१,९१,०७०/- | एनसिएल होटल र सुनबर्षा खेल मैदान नारायणी जानेबाटो तथा नाला मर्मत | रु.९,३६,१७०/- |
| | सुशासन तथा संस्थागत विकास कार्यक्रम (क्र.सं. ५७०) | रु.७०,१००/- | | |
| | कृषि प्राविधिक तालिम (क्र.सं. ५७४) | रु.१,००,०००/- | | |
| | वडाको विभिन्न ठाँउमा विद्युत तार पोल मर्मत (क्र.सं. ५८४) | रु.१,५०,०००/- | | |
| | सुनबर्षा खेत कुलो निर्माण (क्र.सं.५८२) | रु.४,२५,०००/- | | |
| १३ | विविध योजना सञ्चालन खर्च (क्र.सं.५७२) | रु.१,०६,५८०/- | अनपिच्छे तिलक मार्ग बाटो स्तरोन्नती साविकको योजनामा थप (क्र.सं.५८०) | रु.२,०६,८५०/- |
| | विपद् व्यवस्थापन (क्र.सं. ५८५) | रु.१,००,०००/- | | |
| १२ | मुकुन्दसेन आ.वि. मटकुरी खोला तटबन्धन (नवौं कार्यपालिकाबाट विनियोजन) | रु.२,००,०००/- | मुकुन्दसेन आ.वि. मटकुरी जानेबाटो मोज्याक टायल लगाउने | रु.२,००,०००/- |
| १ | मौलाकालिका पर्यटकीय विकास अन्तर्गत मौलाकालिका मार्ग व्यवस्थापन( क्र.सं.३४९) | रु.२,००,०००/- | कालिगण्डकी कोरिडोर देखि रिङरोड जोड्ने बाटोमा कुलो व्यवस्थापन | रु.२,००,०००/- |
| १ | वडा कार्यालय परिसर व्यवस्थापन (क्र.सं.३३२) मध्येबाट | रु.९,५०,०००/- | मेख बहादुर कुमालको खेत देखि वडा कार्यालय जाने बाटो स्तरोन्नती | रु.२,००,०००/- |
| ५ | वडा कार्यालय विविध योजना क्र.सं. ४१४ | रु.५,००,०००/- | शिव मार्ग स्तोउन्नती | रु.१,००,०००/- |
| १७ | मुक्तिनाथ संसानघाट पूर्वाधार निर्माण (क्र.सं. १९६) | रु.३,००,०००/- | दलित भवन निर्माण | रु.३,००,०००/- |
| कार्यालय सञ्चालन | भैपरी आउने चालू खर्च क्र.सं.१३८ | रु.१०,००,०००/- | विविध खर्च (वडा कार्यालय समेत) क्र.सं. १३३ | रु.१०,००,०००/- |
| कार्यालय | अस्पतालमा गरिब, विपन्न तथा असाह्य नागरिकहरुका लागि सामाजिक सहायता कार्यक्रम सञ्चालन क्र.सं.७९१ | रु.२,००,०००/- | अपाङग व्यक्तिहरुको लागि सहायता सामाग्री खरिद् | रु.१,००,०००/- |

झलेन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

सफल भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको वडा नं २ स्थित निर्माणाधीन वडा कार्यालयको सन्दर्भमा प्राविधिक राय बमोजिम साईट परिवर्तन गर्नु पर्ने भनी औल्याइएको तर हालको अवस्थामा अन्यत्र साईट परिवर्तन गर्ने स्थान उपलब्ध नभएको र सर्वदलिय बैठक र नगर कार्यापालिकाको निर्णय बमोजिम उक्त निर्माण सुरु भएको अवस्थालाई मध्यनजर गर्दै हालको डिजाइनमा डुवान न्युनिकरण गर्ने आवश्यकताको आधारमा डिजाइन संसोधन गरी र भविष्यमा हुन सक्ने डुवानलाई मध्यनजर गर्दै त्यसको लागि आवश्यक सुरक्षाको उपायको लागि तटबन्धन निर्माण लगायतका कार्य गर्दै जाने निर्णय गरियो ।

सुरेन्द्र ...
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख